आज मिति २०८२ फाल्गुन ०८ गते दिउँसो १:०० बजे भेरीगंगा नगर कार्यपालिकाको ९८ औं बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्यूको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको बैठक कक्षमा तपसिल बमोजिमको उपस्थितिमा बसी देहायबमोजिमका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | | |
|---|---|---|
| श्री यज्ञप्रसाद ढकाल | नगरप्रमुख | अध्यक्ष |
| श्री धनसरा बोहरा | उपप्रमुख | सदस्य |
| श्री दिनेश पुलामी मगर | वडा अध्यक्ष वडा नं. १ | सदस्य |
| श्री चिरन्जिवी बुढा | वडा अध्यक्ष वडा नं. २ | सदस्य |
| श्री जितबहादुर सुनार | वडा अध्यक्ष वडा नं. ३ | सदस्य |
| श्री गंगाबहादुर खत्री | वडा अध्यक्ष वडा नं. ४ | सदस्य |
| श्री प्रेमबहादुर सारु मगर | वडा अध्यक्ष वडा नं. ५ | सदस्य |
| श्री लालसिं बुढा क्षेत्री | वडा अध्यक्ष वडा नं. ६ | सदस्य |
| श्री कर्णबहादुर मिजार | वडा अध्यक्ष वडा नं. ७ | सदस्य |
| श्री पुसे कामी | वडा अध्यक्ष वडा नं. ८ | सदस्य |
| श्री ईश्वर पोखरेल | का.वा.वडा अध्यक्ष वडा नं. ९ | सदस्य |
| श्री विरबहादुर बस्नेत | वडा अध्यक्ष वडा नं. १० | सदस्य |
| श्री जयबहादुर नेपाली | वडा अध्यक्ष वडा नं. ११ | सदस्य |
| श्री रामबहादुर डाँगी | अध्यक्ष वडा नं. १२ | सदस्य |
| श्री गणेश बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं. १३ | सदस्य |
| श्री शेरबहादुर कामी | कार्यपालिका सदस्य | सदस्य |
| श्री सहविर महर | कार्यपालिका सदस्य | सदस्य |
| श्री पवित्रा घर्ती | कार्यपालिका सदस्य | सदस्य |
| श्री गौमाया खत्री | कार्यपालिका सदस्य | सदस्य |
| श्री खगीसरा पुन मगर | कार्यपालिका सदस्य | सदस्य |
| श्री मानसिं परियार | कार्यपालिका सदस्य | सदस्य |
| श्री अमृता वि.सी. बिष्ट | कार्यपालिका सदस्य | सदस्य |
| श्री ओविसरा बस्याल | कार्यपालिका सदस्य | सदस्य |
| श्री मान बहादुर ठाडा | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

**सहयोगी कर्मचारीहरु :**

| | |
|---|---|
| श्री सीता थापा | शाखा अधिकृत (अधिकृतस्तर सातौं) |
| श्री सरीता हमाल | सूचना प्रविधि अधिकृत |
| श्री तिलविर पुनमगर | प्रशासन सहायक |
| श्री भुपेन्द्र पौडेल | कार्यालय सहयोगी |

CS CamScanner

| क्र. सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | कार्यविधि तथा निर्देशिका पारित गर्ने सम्बन्धमा। |
| २. | नगर विकास समिति गठन गर्ने सम्बन्धमा। |
| ३. | पोषणमैत्री स्थानीय शासन कार्यक्रम सम्बन्धमा। |
| ४. | प्रदेश समपूरक तथा विशेष आयोजना छनौट सम्बन्धमा। |
| ५. | विविध सम्बन्धमा। |

**मिति २०८२/११/०८ गतेको ९८ औं नगर कार्यपालिका बैठकमा भएका निर्णयहरुः**

**प्रस्ताव नं. १: कार्यविधि तथा निर्देशिका पारित गर्ने सम्बन्धमा।**

**निर्णय नं. १ : प्रस्ताव नं. १** माथि छलफल गर्दा तपसिलबमोजिमका कार्यविधि तथा निर्देशिकाहरु माथि अर्को बैठकमा छलफल गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो।

**तपसिलः**

क) बसपार्क सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८२
ख) हाटबजार सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०८२
ग ) कामुधेनु सुत्केरी भत्ता अनुदान कार्यक्रम निर्देशिका,२०८२
घ) सार्वजनिक लेखा समिति गठन तथा सञ्चालन नियमावली,२०८२

**प्रस्ताव नं. २ : नगर विकास समिति गठन गर्ने सम्बन्धमा।**

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको नगर विकास समिति गठन गर्न अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३ : पोषणमैत्री स्थानीय शासन कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा भेरीगंगा नगरपालिकामा रहेका बालबालिका तथा आमाहरुको पोषण अवस्था सुधारका लागि भेरीगंगा नगरपालिकामा पोषण विशेष र पोषण लक्षित कार्यक्रमहरु सञ्चालन गर्दै यस नगरपालिकालाई वि.स. २०८६ सम्ममा पोषणमैत्री स्थानीय तह घोषणा गरिनेछ। यसका लागि आ.व.२०८२/२०८३ मा निम्न कार्यहरु सञ्चालन गर्ने निर्णय गरियो।

**३(क) :** पोषणमैत्री स्थानीय तह घोषणाका लागि तयारी चरण अन्तर्गतका क्रियाकलापहरु

- पालिकास्तरमा रहेको पोषण तथा खाद्य सुरक्षा समिति लगाएत वडास्तरमा रहेका पोषण तथा खाद्य सुरक्षा सहजीकरण समिति सबैलाई बहुक्षेत्रीय पोषण कार्यक्रमका बारेमा अभिमुखीकरण सञ्चालन गर्ने।
- पोषणमैत्री स्थानीय तह घोषणाका लागि सबै कार्यपालिकाका सदस्यहरुले सामुहिक प्रतिवद्धता सहित आचारसंहिता निर्माण गरी सामुहिक हस्ताक्षर गर्ने निर्णय गरियो।
- भेरीगंगा नगरपालिकाले पालिकाका साथै सबै वडाहरुको पोषण प्रोफाइल निर्माण गर्ने निर्णय गरियो। यस पोषण प्रोफाइल निर्माणका लागि साझेदार संस्था सुन्दर नेपाल संस्थाद्वारा सञ्चालित पोषण परियोजनासंग आर्थिक तथा प्राविधिक सहयोगको लागि सहकार्य गर्ने निर्णय गरियो।
- वि. स. २०८६ सम्म सम्पूर्ण वडाहरुलाई पोषणमैत्री वडा घोषणा गर्दै पालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गर्ने लक्ष्य अनुसार यस वर्ष ३ वटा वडाहरु जहाँ पोषण विशेष पोषण संवेदनशिल कार्यक्रमहरु सञ्चालन भइसकेका छन् उक्त वडाहरु छनौट गरी पोषणमैत्री वडा घोषणा गर्ने निर्णय गरियो।

CamScanner

**३(ख) पोषणमैत्री स्थानीय तह घोषणाका लागि योजना तर्जुमा र कार्यान्वयन चरण अन्तर्गतका क्रियाकलापहरु**

☐पोषणमैत्री स्थानीय तह घोषणाका लागि बहुक्षेत्रीय पोषण कार्यक्रमले तोकेका सबै क्षेत्रहरुको बैठक बसी बहुक्षेत्रीय कार्यक्रमले तय गरेका सुचकहरुलाई प्राप्त गर्ने गरि एकीकृत योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

☐यस भेरीगंगा नगरपालिकाका बालवालिकाहरुमा कुपोषणको समस्या बढ्दै गएको र सबै स्वास्थ्य संस्थाहरुबाट OTC सेवा संचालन नभएकोले यस सेवा सबै स्वास्थ्य संस्थाबाट सेवा विस्तार गर्ने निर्णय गरियो । सेवा विस्तारका लागि सुन्दर नेपाल संस्थाद्वारा सञ्चालित पोषण परियोजनासँग आवश्यक आर्थिक तथा प्राविधिक सहयोगको लागि सहकार्य गर्ने निर्णय गरियो ।

☐यस भेरीगंगा नगरपालिकामा कार्यरत साझेदार संस्थाहरुको कार्यक्रमहरुससँग बैठक बसी साझेदार संस्थाहरुद्वारा संचालित कार्यक्रमहरुलाई एकीकृत गरी उक्त कार्यक्रमहरुबाट बहुक्षेत्रीय पोषण कार्यक्रमका सुचकहरुलाई सम्वोधन गर्ने गरी सञ्चालन गर्ने निर्णय गरियो ।

☐पोषणमैत्री स्थानीय तह घोषणाका लागि बहुक्षेत्रीय पोषण कार्यक्रमले तोकेका सबै सुचकहरुको अनुगमन तथा प्रगति समिक्षाका लागि स्थानीय तह पोषण तथा खाद्य सुरक्षा समितीको बैठक प्रत्येक चौमासिकमा बस्ने साथै वार्षिक रुपमा समिक्षा बैठक बस्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : प्रदेश समपूरक तथा विशेष अनुदानका योजना सिफारिस सम्बन्धमा ।**

**निर्णय नं. ४ :** प्रस्ताव नं ४ माथि छलफल गर्दा कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयबाट मिति २०८२।११।०१ गतेको कर्णाली प्रदेश समपूरक तथा विशेष अनुदान अन्तर्गत स्थानीय तहबाट आर्थिक बर्ष २०८३।०८४ मा सञ्चालन गरिने आयोजना, कार्यक्रमहरुका लागि प्रस्तावना आह्वान सम्बन्धी जरुरी सूचना बमोजिम मिति २०८२।१२।०१ गते भित्र मन्त्रालयमा पेश गर्नुपर्ने भएकोले तपसिलबमोजिमका योजनाहरु छनौट गर्ने र सिफारिस गरि पठाउने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**तपसिलः**

**प्रदेश समपुरक अनुदानतर्फ प्राथमिकीकरण गरि सिफारिस गरिएका योजनाहरु**

| क्र.स. | योजनाको नाम र ठेगाना | कुल लागत रकम रु. | नगरपालिकाले व्यहोर्ने रकम रु. (६०%) | प्रदेश अनुदान रकम रु.(४०%) | कैफियत |
|---|---|---|---|---|---|
| १. | घारीवन ठुलाखाल सडक स्तरोन्नती, भेरीगंगा ६ | रु. २,००,००,०००। | रु. १,२०,००,०००। | रु. ८०,००,०००। | |
| २. | रामघाट बजार देखि समैजिघाट सडक स्तरोन्नती,भेरीगंगा ११,१३ | रु.२,००,००,०००। | रु. १,२०,००,०००। | रु. ८०,००,०००। | |
| ३. | नगरपालिका देखि वडा नं. १० को वडा कार्यालय जाने सडक निर्माण, भेरीगंगा १० | रु.२,००,००,०००। | रु. १,२०,००,०००। | रु. ८०,००,०००। | |

**प्रदेश विशेष अनुदानतर्फ प्राथमिकीकरण गरि सिफारिस गरिएका योजनाहरु**

| क्र. सं. | योजनाको नाम | वडा नं. | रकम रु. |
|---|---|---|---|
| १. | कालीपारे धारा शान्तिपुर लिफ्ट खानेपानी आयोजना | भेरीगंगा ११ | ६० लाख |
| २. | प्रभात प्रा.वि. ठुलोजात्री विद्यालय भवन निर्माण | भेरीगंगा ९ | ६० लाख |
| ३. | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण | भेरीगंगा ७ | ६० लाख |

**प्रस्ताव नं. ५ : विविध सम्बन्धमा ।**

**निर्णय नं. ५(क) :** प्रस्ताव नं ५ माथि छलफल गर्दा यस भेरीगंगा नगरपालिकाको नगरसभाको १८ औं हिउँदे अधिबेशन संवत् २०८२ साल फाल्गुण महिनाको २९ गते नगर सभाहलमा बस्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

CS CamScanner

५(ख) : (अ) कर्णाली प्रदेश सरकार अन्तर्गत रहेको विषादी अवशेष द्रुत विश्लेषण एकाई, हर्रे सुर्खेतलाई सञ्चालनमा ल्याएर यस भेरीगंगा नगरपालिका लगायत अन्य नगरपालिका, प्रदेशका सबै जिल्लाहरु र नेपालका विभिन्न क्षेत्रहरुमा कृषिजन्य बालिवस्तुहरुमा प्रयोग भइरहेको रासायनिक विषादीको बढ्दो अनियन्त्रित प्रयोगलाई नियन्त्रित र व्यवस्थापन गरी मानव, माटो, पशुपन्छी लगायत वातावरणीय स्वास्थ्यलाई स्वच्छ राखी दिगो विकासका लक्ष्यहरुलाई पूरा गर्नका लागि भेरीगंगा-४, हर्रे, सुर्खेतमा निर्माणाधीन भवनको कार्य सम्पन्न भई हालसम्म पनि विविध कारणहरुले सञ्चालनमा ल्याउन नसकिएको विषादी अवशेष द्रुत विश्लेषण एकाई, हर्रे, सुर्खेतलाई भेरीगंगा नगरपालिका, सुर्खेत अन्तर्गतको कृषि विकास शाखा मातहत राखी सञ्चालनमा ल्याउनका लागि कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग यथाशिघ्र यस भेरीगंगा नगरपालीका, सुर्खेतलाई हस्तान्तरण गर्न अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

(आ) विषादी अवशेष द्रुत विश्लेषण एकाई, हर्रे, सुर्खेतको दिगो रुपमा संचालनका लागि लाग्ने प्राविधिक, कार्यालय संचालन लगायत अन्य पूर्वाधार निर्माणसंग सम्बन्धित सबै खर्चहरुको ब्यवस्थापनका लागि भेरीगंगा नगरपालिका, सुर्खेत आर्थिक रुपमा सक्षम नभएसम्मका लागि कर्णाली प्रदेश सरकार भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले नगरपालिकाको माग बमोजिम दायित्व लिनु पर्ने साथै प्राविधिक सक्षमताको लागि पनि प्रदेश सरकारले नै सहजिकरण गर्नुपर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

(इ) यस बिषादी अवशेष द्रुत बिश्लेषण एकाई, हर्रे, सुर्खेतको कार्यक्षेत्र बारे बिषादी अवशेष द्रुत बिश्लेषण एकाईको कार्य संचालन निर्देशिकामा प्रष्टरुपले उल्लेख गर्नुपर्ने कुरा अनुरोध गर्ने साथै कर्णाली प्रदेशको नाकामा रहेको यस एकाईले आवश्यकताको आधारमा बाहिरी देश, नेपालका बाहिरी जिल्लाहरु साथै कर्णाली प्रदेशका सबै जिल्लाहरुमा उत्पादित कृषि बाली वस्तुहरुको कृषक खेतबारी, स्थापित स्थानिय बजारहरु, खुद्रा बजार तथा थोक बजारहरुबाट पनि बाली बस्तुका नमूनाहरु संकलन गरि नियमित तथा आकस्मिक परीक्षण कार्य गर्ने सक्ने कुराहरु बारे नीतिगतरुपमा नै उल्लेख गरि बिषादी अवशेष द्रुत बिश्लेषण एकाईको संचालन प्रक्रियामा प्रभावकारीता ल्याउनका लागि प्रदेश सरकारलाई छिटो बिषादी अवशेष द्रुत बिश्लेषण एकाई संचालन निर्देशिका पारित गर्नका लागि अनुरोध गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

५(ग): भेरीगंगा नगरपालिकाका बिभिन्न वडा अन्तर्गत सिफारिस भएका तपसिलबमोजिमका योजनाहरु उपभोक्ता समितिबाट निर्माण गर्न बार्षिक खरिद योजना संसोधन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**तपसिलः**

अ) विउरेनी कालिदमार तल्लोदमार भुवाखेत सडक निर्माण

आ) सरस्वती प्रा.वि. गेरुवानी भवन मर्मत

५(घ) : यस भेरीगंगा नगरपालिकामा आ.व. २०७९/०८० मा भेरीगंगा नगरपालिकाको प्रशासनिक भवन निर्माण (ठेक्का नं. BGM/NCB/2079/080-03) वडा नं. १२ कार्यको लागि मिति : २०७९/०८/२६ मा बोलपत्र आह्वान भई मिति २०८०/०१/१० मा रकम रु. ६,५२,८५,१६२.२३/- मा ईन्द्रधनु अछाम निर्माण सेवा, टिकापुर-०१ कैलालीसंग सम्झौता भई कार्यादेश दिइएकोमा मिति २०८१/०८/२४ गते अन्तिम भुक्तानी भई सकेको र हाल त्रुटी सच्चाउने समयावधी (DLP) समेत समाप्त भई सकेको हुँदा उक्त प्रशासकीय भवन निर्माण कार्य सम्झौताबमोजिम सम्पन्न भएको ठहर गरी कार्य सम्पन्न प्रमाणपत्र (Work Completion Certificate) जारी गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

CamScanner